// नेपाल राजपत्र //

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, मंसीर २६ गते २०४० साल (संख्या ३४

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०२१ को दफा ४० को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी करदाताहरूको आय निर्धारण गर्न देहाय बमोजिमको आय निर्धारण समिति गठन गरेको छ ।

१. समितिको गठनविधि:

(क) सम्बन्धित कर कार्यालय प्रमुख —सदस्य

(ख) स्थानीय भन्सार कार्यालयका प्रमुख वा निज नभएको ठाउँमा अन्तःशुल्क कार्यालयको प्रमुख वा निज पनि नभएको ठाउँमा स्थानीय माल वा मालपोत कार्यालयका प्रमुख —सदस्य

(ग) कर महा-निर्देशकले तोकेको कर विभागको एक जना अधिकृत —सदस्य

माथि उल्लेख भएका सदस्यहरुमध्येबाट कर विभागले तोकेको एक जना सदस्य समितिको अध्यक्ष हुनेछ ।

२. समितिको कार्यक्षेत्र : समितिले देहायको विषयमा आय निर्धारण गर्नेछ ।

(क) कर कार्यालयमा आय विवरण पेश भई २०४० साल आषाढ मसान्त-सम्म ५ वर्ष पुगिसकेका आयकर ऐन, २०३१ को दफा १७ क. अनुसार कर निर्धारण हुने बाहेक अन्य सबै आय विवरण ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) कर कार्यालयमा आय विवरण पेश भई २०४० साल आषाढ मसान्त-सम्म ३ वर्ष पुगिसकेका मध्ये कर अधिकृतले जटिल ठहराई आय निर्धा-रण समितिबाट फछ्र्यौट गराउन चाहेका आय विवरण ।

३. समितिले आय निर्धारण गर्दा अपनाउने कार्यविधि र आधारः

(क) समितिले कुनै करदाताको आय निर्धारण गर्दा अपनाएको आधार र खुद आय स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

(ख) समितिले आय निर्धारण गरिसकेपछि कर निर्धारण गर्नको लागि सम्बन्धित कर कार्यालयमा फाइल फिर्ता पठाउनेछ ।

(ग) समितिले आय निर्धारण गर्दा आयकर ऐन, २०३१ (संशोधन सहित) को दफा ३३ (२) मा उल्लेखित आधारहरूको अतिरिक्त आयकर नियमावली, २०३९ को नियम २७ (२) को देहायमा उल्लेखित आधारहरूमध्ये सबै वा कुनै आधार लिई आय निर्धारण गर्न सक्नेछ ।

४. समितिको कार्यावधिः समितिको कार्यावधि २०४१ साल आषाढ मसान्तसम्म हुनेछ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको
## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (२) ले दिएको अधिकार प्रयोग गरी नेमोपार्केट कम्पनी (प्रा.) लि.ले उत्पादन गरेको नेमोपार्केटको भारतमा निकासी गर्दा तिर्नुपर्ने निर्यात भन्सार महसूलको ५० (पचास) प्रतिशत छूट दिने मिति २०४०।७।१४ मा निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

४९२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।